"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

फोन नं ०२६-४२००९९

सु. न. :-४७ -०७७/०७८

**दोस्रो पटक प्रकाशित मिति २०७७।११।११**

**रोजगार संयोजक पदको सेवा करारमा पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना**

यस छथर गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजक (छैटौं तह) सेवा करारमा पदपूर्ती गर्नुपर्ने सन्दर्भमा यस गाउँपालिकाको कार्यालयको मिति २०७६।१०।१२ गते प्रथम पटक प्रकाशित सूचनाअनुसार रितपूर्वक पर्न आएका आवेदनहरु यथावत कायम राखी पुनः तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७७।११।२५) भित्र कार्यालय समयमा मापदण्डको अनुसूचि-१ बमोजिम रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**माग गरिएको पद :**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२-०७७।०७८ (PMEP) | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता :
   - कं) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तिर्ण गरको।
   - ख) दरखास्त दिने मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
   - ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको।
   - घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

२. करार अवधि : २०७८ साल असार मसान्त सम्म (नविकरण हुन सक्ने)

३. तलव भत्ता तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियम अनुसार

४. आवश्यक कागजातहरु :
   - क) नेपाली नागरिकताको प्रमाणपत्रको पमाणित प्रतिलिपी - १ थान
   - ख) पासपोर्ट साइजको फोटो -२ प्रति
   - ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी १ /१ थान
   - घ) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्र प्रतिलिपी - १ थान

(योग्यता तथा अनुभवको प्रमाणपत्र उम्मेद्वार स्वयंमले हस्ताक्षर सहित प्रमाणित गरी अनुसूची १ र २ बमोजिमको दरखास्त साथ पेश गर्नुपर्नेछ ।)

५. आवेदन दस्तुर : रु. १०००।- (अक्षरेपी एक हजार मात्र।) यस छथर गाउँपालिकाको नेपाल बङ्गलादेश बैंक लिमिटेडमा रहेको छथर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं.०५३०००११४१ ग.१.१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने

वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. परीक्षाको किसिम : लिखित र कम्पप्यूटर सीप परीक्षण।

७. प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित परीक्षा, कम्प्यूटर सीप परीक्षण, मौखिक परीक्षा कार्यक्रमको मिति अर्को सूचनामा प्रकाशन गरिनेछ।

८. प्रारम्भिक योग्यताको सूचिमा छनौटको लागि स्थानीय बासी, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएका र कार्य अनुभव भएका उम्मेद्वारलाई पहिलो प्राथमिकता दिईनेछ। साथै संक्षिप्त सूचिमा पर्न सफल उम्मेद्वारलाई मात्र लिखीत परीक्षा र कम्प्यूटर सीप परीक्षणमा समावेश गराईनेछ।

९. मिति २०७६।१०।१२ गते प्रकाशित सूचना बमोजिम दरखास्त बमोजिम दरखास्त दिने आवेदकहरुको आवेदन फाराम यथावत कायम राखी सोही आवेदनको आधारमा परीक्षाको कार्यक्रममा गराईनेछ।

**(द्रष्टव्य : पाठ्यक्रम र अन्य जानकारीका लागि रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ अनुसार हुनेछ। विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।)**

लोचन प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि"